नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

पत्र संख्याः- २.१.१७/०८०/०८१
चलानी नं.:- ५६४

सिंहदरबार,
काठमाडौं, नेपाल।
मितिः २०८०।९।१

विषय : आवश्यक कार्यार्थ सम्बन्धमा।

श्री राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी।

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोगको च.नं. २६७ मिति २०८०।८।२२ को पत्रबाट उक्त आयोगको मिति २०८०।८।२१ को बैठकबाट देहाय बमोजिम निर्णय भएकोले आवश्यक कार्यार्थ पठाइएको भनी लेखी आएको हुँदा उक्त पत्रको प्रतिलिपी यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

देहायः

"उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ मा भएको नागरिकताको प्रमाणपत्रमा भएको संशोधन अनुसार शैक्षिक योग्यताको प्रमाणपत्र संशोधन गर्ने व्यवस्था कार्यान्वयनका सम्बन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरु र राष्ट्रिय परीक्षा बोर्डबाट दलित समुदायका विद्यार्थीहरुले विभिन्न किसिमका समस्याहरु झेल्नु परेको भन्ने गुनासो प्राप्त भएकोले नेपाल सरकारद्वारा जारी गरिएको उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ संशोधन सहित मिति २०८०।५।१८ मा राजपत्रमा प्रकाशित समेत भई सकेको सन्दर्भमा यसको पूर्ण कार्यान्वयन गर्नु पर्ने नितान्त आवश्यक देखिएको हुँदा उक्त नियमावली प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनको लागि श्री गृह मन्त्रालय र श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पत्रचार गर्ने निर्णय गरियो"

२६६
२०८०/९/१२

(बलदेव भण्डारी)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय दलित आयोग, कुपण्डोल, ललितपुर।

फोन नं.:
वेबसाइटः www.moest.gov.np

नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी,भक्तपुर

## उमेर, नाम र जात सच्याउने सम्बन्धी सूचना !

नेपाल सरकारद्वारा उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ संशोधन भई संशोधित **उमेर, नाम र जात सच्याउने (तेस्रो संशोधन) नियमहरु, २०८०** मिति २०८०।०५।१८ को राजपत्रमा प्रकाशित भइसकेको सन्दर्भमा एस्.एल्.सी. वा एस्.इ.ई. वा कक्षा १२ को शैक्षिक योग्यताका प्रमाणपत्रमा उमेर, नाम वा जात सच्याउनु पर्ने भए **उमेर, नाम र जात सच्याउने (तेस्रो संशोधन) नियमहरु, २०८०** मा भएको व्यवस्था अनुसार आवश्यक प्रमाण कागजात र प्रक्रिया पूरा गरी राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयहरु ( कक्षा १० वा कक्षा १२ ) मा सम्पर्क गर्नु हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

**उमेर, नाम र जात सच्याउने (तेस्रो संशोधन) नियमहरु, २०८०**

उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "उमेर, नाम र जात सच्याउने (तेस्रो संशोधन) नियमहरु, २०८०" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ को नियम २ मा संशोधनः** उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ (यस पछि "मूल नियमहरु" भनिएको) को नियम २ को,-

(१) खण्ड (क) मा रहेका "नेपाल सरकार शिक्षा विभागद्वारा" भन्ने शव्दहरुको सट्टा "राष्ट्रिय परीक्षा बोर्डद्वारा" भन्ने शव्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) झिकिएको छ।

३. **मूल नियमहरुको नियम ३ मा संशोधनः** मूल नियमहरुको नियम ३ को उपनियम (१) मा रहेका "ने. रु. १।-" भन्ने शब्दहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सट्टा "दश रुपैयाँ" भन्ने शव्दहरु र "छेउ" भन्ने शव्दको सट्टा "समक्ष" भन्ने शव्द राखिएको छ।

४. <u>मूल नियमहरुको नियम ४ मा संशोधन</u>: मूल नियमहरुको नियम ४ को,-

(१) उपनियम (१) मा रहेका "प्रमुख जिल्ला अधिकारीले" भन्ने शव्दहरु पछि "राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित" भन्ने शव्दहरु र "पठाइ दिनेछ र" भन्ने शव्दहरु पछि "त्यस्तो" भन्ने शव्द थपिएको छ।

(२) उपनियम (२) मा रहेका "शिक्षा विभागबाट" भन्ने शव्दहरुको सट्टा "उपनियम (१) बमोजिम सूचना र फैसलाको नक्कल प्राप्त भए पछि राष्ट्रिय परीक्षा बोर्डबाट" भन्ने शव्दहरु राखी सोही उपनियममा रहेका "नयाँ प्रमाणपत्र" भन्ने शव्दहरु पछि "सम्बन्धित" भन्ने शव्द थपिएको छ।

५. <u>मूल नियमहरुको नियम ६ मा संशोधन</u>: मूल नियमहरुको नियम ६ को,-

(१) उपनियम (१) मा रहेका "६ महिना भित्र" भन्ने शव्दहरुको सट्टा "पाँच वर्ष भित्र" भन्ने शव्दहरु राखिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यार्थीले प्रमाणपत्र लिईसकेपछि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नागरिकता सम्बन्धी प्रचलित कानून बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर संशोधन गराएकोमा सो बमोजिम एसएलसी, एसइई वा कक्षा बाह्रको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर सच्याउन चाहेमा एक पटकको लागि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा विवरण सच्याएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ।

तर कुनै विद्यार्थीले यो उपनियम प्रारम्भ हुनु अघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर संशोधन गराएकोमा सो बमोजिम एसएलसी, एसइई वा कक्षा बाह्रको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर सच्याउन एक पटकको लागि यो उपनियम प्रारम्भ भएको एक वर्ष भित्र दरखास्त दिन सक्नेछ।"

**आज्ञाले,**
**दिनेश भट्टराई**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।